बैठक संख्या-२८ मिति २०६२।०३।१०

आज मिति २०६२।०३।१० गते बिहिवारका दिन धरान उपमहा नगर-पालिका कार्य संचालन समितिको बैठक बसी तपसिलका निर्णयहरु गरियो।

उपस्थिति

श्री टीकादत्त राई, कार्यकारी अधिकृत, धरान उपमहा नगर पा.का.

आमन्त्रित

श्री गणेश प्रसाद खतिवडा - व. प्रशासकिय अधिकृत

श्री खगेन्द्र प्रसाद खतिवडा व. कर अधिकृत

श्री सुरज श्रेष्ठ - व. इन्जिनियर

श्री रमेश शाह - व. आन्तरिक लेखा परिक्षक

श्री भेषराज अधिकारी - व. लेखा अधिकृत

श्री राजु पोखरेल - इन्जिनियर

श्री सुनील नेपाल - सामाजिक वि.अधिकृत

निर्णयहरु।

निर्णय नं. १ - स्तर वृद्धि सम्बन्धमा :- यस कार्यालयमा कार्यरत कार्यालय सहयोगी विष्णु श्रेष्ठको कार्य अवधि मिति २०६२ असार १ गते देखी २० वर्ष पूरा गरी २१ वर्ष लागेकाले स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २२५ मा भएको व्यवस्था अनुसार उक्त नियमको ३ 'घ' अनुसार निजलाई सहायक स्तर पहिलो तहको चतुर्थ तहबाट पाँचौं तहमा स्तर वृद्धि गर्ने निर्णय गरियो।

निर्णय नं. २ - सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धमा :- यस आ. व. २०६१।६२ को अन्तिम (तेस्रो पटक) सार्वजनिक सुनुवाई कार्यक्रम यहि मिति २०६२।०३।१८ गते शुक्रवार यस कार्यालयको प्राङ्गणमा 'धरान उपमहा नगरपालिकाबाट उपलब्ध गराइएको सेवा" विषयक" मा दिनको ११ बजेबाट कार्यक्रम सम्पन्न गर्ने निर्णय गरियो।

आजको बोर्ड बैठक बिहान-१०: बजे समापन गरियो

माइन्युटकर्ता भक्तिराज शर्मा [signature]